रोल्पा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

लिवाङ, रोल्पा

रोल्पा नगरपालिका नगरकार्यपालिकाले बनाएको सहयोग तथा सिफारिस प्रणाली सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

---

मिति:२०८२/०९/१४

---

# सहयोग तथा सिफारिस प्रणाली २०८२

# सेवा नक्शांकन तथा सिफारिस प्रणालीको आवश्यकता

## १. अवधारणा

जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाई आवश्यक संरक्षण र पुर्नस्थापनाका लागि विभिन्न सेवाहरु प्रदान गर्न जिल्ला तथा स्थानीय तहमा सरकारी तथा गैरसरकारी निकायहरुले सेवाहरु प्रदान गरिरहेका छन् । सरकारी तथा गैरसरकारी निकायहरुले प्रदान गरिरहेका सेवाहरु बारे सबैलाई जानकारी हुनु आवश्यक छ । जानकारीको कमी वा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने पालिका तथा जिल्ला स्तरमा रहेका बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरु वीच समन्वयको अभावले गर्दा महिला तथा बालबालिकाले पाउने सेवाहरुबाट बञ्चित हुन नपरोस् भन्ने सुनिश्चितताका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले प्रदान गर्ने उपलब्ध सेवाहरुको नक्सांकन नै संस्था तथा सेवाहरुको नक्शांकन हो ।

## २. उद्वेश्य

लैङ्गिक हिंसा पिडित/प्रभावित ब्यक्ति तथा आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई छिटो छरितो र प्रभावकारी रुपले सुरक्षा र संरक्षण, चिकित्सा सेवा, मनोसामाजिक सेवा, र सहायता तथा कानुनी सेवा, सीपमुलक तालिम तथा आयआर्जनमा सहयोग, शिक्षामा सहयोग, दुर्व्यसनी पुनःर्स्थापनाका साथै पारिवारिक तथा सामाजिक पुनःर्मिलन लगायतमा सहयोग पुऱ्याउनका लागि यो सहयोग तथा सिफारिस प्रणाली तयार गरिएको छ । यस सिफारिस प्रणालीको उद्देश्य लैंङ्गिक हिंसाका सवालहरु र आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका सवालहरुको सम्वोधनका लागि सक्रिय रुपमा कार्य गर्ने स्थानीय स्तरमा कार्यरत सम्बन्धित निकायहरुलाई परिचालन गरी एकिकृत रुपमा हिंसा प्रभावितलाई सेवा पुऱ्याउने र पिडित तथा प्रभावितहरुको संरक्षणका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने रहेको छ ।

सेवा नक्शाङ्कन तथा सिफारीस प्रणाली हिंसा प्रभावित महिला, बालबालिका किशोरीहरुको तत्काल राहत, उद्धार तथा संरक्षणका लागि महत्वपुर्ण प्रक्रिया हुने साथै नगरपालिकामा आवश्यकता अनुसारका सेवामा सम्पर्क तथा समन्वयका लागि पनि उपयोगी हुने छ ।

## ३. सहयोग तथा सिफारीस प्रणालीले सम्बोधन गर्ने मुख्य सवालहरु

| क सं | सवाल | स्वरुप |
|---|---|---|
| १ | शारीरिक हिंसा(Physical assault/ Physical Harm) | यातनाः कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुऱ्याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य । |

| | | |
|---|---|---|
| २ | मानसिक हिंसा (Mental Harm/Psychological Emotional Abuse) | शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक तनाव दिने, आत्महत्या गर्न दुरुत्साहन गर्ने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने |
| ३ | यौनजन्य हिंसा (Sexual abuse) | यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य |
| ४ | आर्थिक हिंसा | आर्थिक यातना भित्र सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न, रोजगारी गर्न बञ्चित, आर्थिक स्रोत माथि नियन्त्रण तथा श्रोत र साधनको पहुँच वा प्रयोग गर्नमा बञ्चित गर्ने कार्य |
| ५ | मानव बेचबिखन , (Human Trafficking) | कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम मानिसको अंग झिक्ने र बेश्यागमन गर्ने कार्य र मनिसलाई विदेशमा लैजाने वा यौन व्यवसायमा लगाउने शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिक रुपमा दबाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा मञ्जुरी बिना नेपालभित्र वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य मानव बेचविखन तथा ओसारपसार हो । |
| ६ | बाल विवाह | बीस वर्ष नपुग्दै वा कानुनले तोकेको उमेर भन्दा पहिला विवाह गर्ने गराउने कार्य । |
| ७ | दाइजो प्रथा | कानुन विपरित विवाहमा नगद तथा जिन्सी सामान दिने लिने कार्य |
| ८ | साइवर अपराध | विद्युतीय माध्यमद्धारा मानिसलाई अश्लिल शब्द प्रयोग, चित्र प्रदर्शन, धम्की, गालीगलौज, हैरानी दिने, सामाजिक सञ्जालमा चरित्र हत्या सम्बन्धि सामाग्री प्रशारण आदि गर्ने कार्य । |
| ९ | बालश्रम (Child Labor) | बालश्रम शोषण भन्नाले बालबालिकालाई शारिरीक तथा मानसिक रुपमा हानी गर्ने र उनीहरुको बाल्यकालमा पाउनुपर्ने अधिकारहरुबाट बञ्चित गराउने वा पूर्ण सक्षमता वा क्षमता विकासमा बाधा ल्याउने कामलाई बुझाउँछ । |

## ४. सिफारिस प्रणाली अन्तर्गत उपलब्ध गराईने सेवाका क्षेत्रहरु

नगरपालिका अर्न्तगत हिंसा पिडित तथा प्रभावितहरुको संरक्षण तथा स्याहारका लागि यस सिफारिस प्रणाली अन्तरगत निम्न बमोजिमका क्षेत्रहरुमा आवश्यक सेवाहरु उपलब्ध गराईनेछ । साथै उक्त सेवाको लागि सम्भावित सेवाप्रदायकहरु निम्नानुसार रहनेछन:

क) मनोसामाजिक सेवा वा सहायता

ख) सुरक्षा/ संरक्षण र आवास, लत्ताकपडा सेवा

ग) चिकित्सा सेवा वा सहायता

घ) कानुनी सेवा वा सहायता

ङ) सीपमूलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग

च) शिक्षामा सहयोग

छ) दुर्व्यसनीपुनःर्स्थापना सहयोग

ज) उद्दार तथा पुःर्स्थापना एवं पुनःर्एकिकरण सेवा

झ) जीविकोपार्जनका लागि समन्वय तथा सिफारीस

## ५. लक्षित समुह

- सबै किसिमका लैंङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरु
- बिशेष गरी लैंङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका बेवारिसे एवं शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा बालबालिका
- लैंङ्गिक हिंसाबाट पिडित तथा प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र तथा बेवारिसे अवस्थामा पालिका क्षेत्र भित्र फेला परेका व्यक्तिहरु
- आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरु ।

## ६.सिफारीस प्रणाली अर्न्तगत सहयोग, समन्वय तथा सम्पर्कका लागि मुख्य सरोकारवालाहरु

| परिवार तथा नातेदार | समुदायमा | वडास्तरीय | पालिका स्तरीय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आमा बुबा<br>दाजु भाई<br>दिदि बहिनी<br>नातेदार सम्बन्धका व्यक्तिहरु | साथिभाई<br>छिमेकी<br>स्वास्थ्य स्वयंसेविका<br>आमा समुह<br>महिला समुह<br>टोल विकास संस्था<br>वि व्य स<br>नागरीक समाज<br>बाल क्लब तथा संजाल<br>किशोरी क्लब तथा संजाल<br>संघसंस्था<br>युवा क्लब<br>स्वास्थ्य चौकी<br>समुदाय प्रहरी | वडा समिति<br>निगरानी समुह<br>स्वास्थ्य चौकी<br>विमद व्यवस्थापन समिति<br>खोप समिति<br>सहकारी संस्था<br>मेलमिलाप केन्द्र | नगरपालिका<br>न्यायिक समिति<br>ईलका प्रहरी कार्यालय<br>नगर प्रहरी<br>बाल अधिकार समिति<br>बाल कल्याण अधिकारी<br>शिक्षा तथा खेलकुद शाखा<br>महिला बालबालिका शाखा<br>सामाजिक विकास शाखा<br>बालमैत्रि शासन समिति |

| जिल्ला स्तरमा | प्रदेश स्तरमा | संघमा |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय<br>जिल्ला प्रहरी कार्यालय<br>जिल्ला समन्वय समिति<br>जिल्ला अदालग<br>गै.स.सं<br>बाल हेल्प लाइन<br>महिला उत्थान केन्द्र<br>जिल्ला कानुन सहायता समिति<br>जिल्ला स्वास्थ्य कार्यालय<br>जिल्ला शिक्षा समन्य इकाइ | प्रदेश बाल अधिकार समिति<br>सामाजिक विकास मन्त्रालय<br>प्रदेश सभा सदस्य<br>उच्च अदालत<br>पत्रकार महासंघ<br>प्रदेश प्रहरी<br>शिक्षा विकास समिति | राष्ट्रिय बाल अधिकार परिषद<br>सर्बोच्च अदालत<br>श्रम तथा रोजगार मन्त्रालय<br>महिला बालबालिका तथा ज्येष्ठ नागरीक नागरीक मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग<br>राष्ट्रिय महिला आयोग |

## ७. जोखिममा रहेका बालबालिका तथा महिलाहरुको उद्धार तथा सहयोगका लागि पैसा नलाग्ने हेल्पलाईनहरु (Tollfree number)

**(क)**

| | |
|---|---|
| **प्रहरी अपराध सूचना संकलन हेल्प लाईन** | **१६६०–०१४१५१६** |
| **प्रधानमन्त्रीको कार्यालय (मानव अधिकार लैङ्गिक हिंसा सशक्तिकरण शाखा)** | १११११ (०१(४४२११०७५)) |

| | |
|---|---|
| **राष्ट्रिय महिला आयोग** | ११४५ , ०१४२५६७०१ |
| **प्रहरी :** | १०० |
| **सिविन -बाल हेल्पलाइन)** | १०९८ |
| **राष्ट्रिय बाल अधिकार परिषद** | |
| **महिला पुनर्स्थापना केन्द्र (ओरेक) परामर्श, तुरन्त हेरचाह र प्रेषणको लागि** | १६६०-०१७८९१० |

**(ख)**

**मनोसामाजिक सहयोग लिनका लागि पैसा नलाग्ने हेल्पलाईनहरु (Tollfree number)**

टि.पि.ओ नेपाल : १६६००१९२००५

सिएमसि नेपाल : १६६००१६२०८०

कोशिस नेपाल : १६६००१२३२३२

आत्महत्या रोकथाम तथा मानसिक स्वास्थ्य सहयोग केन्द्र : १६६००१२२२३३

आत्महत्या रोकथामका लागि राष्ट्रिय हेल्पलाईन : ११६६

आत्महत्या रोकथाम T U शिक्षण अस्पताल १६६००१२१९००

आत्महत्या रोकथाम, पाटन अस्पताल ०१४१४५५७३

## ८. जोखिममा परेका बालबालिका, हिंसा प्रभावित किशोरी तथा महिलाहरुको सहयोगका लागि जिल्ला तथा स्थानिय स्तरमा उपलब्ध सहयोग तथा सिफारिस प्रणाली

| **क सं** | **कुन प्रयोजनका लागि** | **कहाँ जाने** | **स्थान/ठेगाना** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नं.** |
|---|---|---|---|---|---|
| १ | -महिला, किशोरी तथा बालबालिकामाथि हुने कुनैपनि हिंसाका घटना समस्या दर्ता, सूचना तथा उजुरी तथा सिफारीस गर्नु | जिल्ला प्रशासन कार्यालय | लिबाङ रोल्पा | प्र.जि.अ | ९८५७८२७७७७ |
| | | महिला बालबालिका | जिल्ला प्रहरी कार्यालय रोल्पा | प्रमुख | ९८५७८२५५५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | परेमा | तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, | | | |
| | | महिला तथा बालबालिका शाखा | रोल्पा नगरपालिका | पवित्रा बुढा | ९८४४९१६२९५ |
| २ | -लैङ्गिक हिंसा प्रभावित किशोरी तथा महिलाहरुको अस्थाई आश्रयका लागि | सुरक्षित आवास गृह | रोल्पा नगरपालिका २ रेउघा | यमुना पुन | ९८५७८५६०८० |
| | | सुरक्षित आवास गृह | रोल्पा नगरपालिका ४ लिवाङ | तुलसा आचार्य | ९८५७८२१७५३ |
| ३ | -लैङ्गिक हिंसा प्रभावित किशोरी तथा महिलाहरुको स्वास्थ्य उपचार कानूनी परामर्शका लागि | ओ सि एम सि OCMC | रोल्पा अस्पताल अस्पताल | मिना कुवर | ९८४११७४४०९ |
| ४ | -महिला, बालबालिकाहरुको समस्या उजुरी तथा क्षमता विकास, न्यायिक परामर्श सहयोगका लागि पालिकामा सम्पर्क<br>-बालविवाह हुन लागेको तथा भएको उजुरीका लागि | महिला तथा बालबालिका शाखा | रोल्पा नगरपालिका | म.वि.नि. | ९८६६९०६४५० |
| | | न्यायिक समिति | गिता आचार्य | संयोजक | ९८४४९३९९६४ |
| ५ | -बेचविखनका उजुरी, अल्पकालिन आश्रय, उद्धार गरिएका महिला तथा बालबालिकाहरुको सहयोगका लागि | पुर्नस्थापना केन्द्र, रोल्पा | यमुना पुन | सम्पर्क व्यक्ति | ९८५७८५६०८० |
| | | माईती नेपाल | बाँके | केशब कोईराला | ९८५८०२४२७१ |
| | | साना हातहरु | बाँके | अम्बिका पून | ९८४८१७४५०९ |
| | | शान्ती पूर्नस्थापना केन्द्र | बाँके | निर्मल सुवेदी | ९८४७६६९६०५० |
| ६ | -मानसिक अपाङ्गता भएका व्यक्तिहरुको स्याहार, आश्रय तथा संरक्षणका लागि | निलसागर मानवसेवा आश्रम | नेपालगन्ज | अमन सुवेदी | ९८५७०२३४८८ |
| | | मानवसेवा आश्रम | तिलोत्तमा ७ रुपन्देही | सरु अधिकारी | ९८५५०७६०११ |
| ७ | -निशुल्क कानुनी परापर्श सेवाका लागि | बैतनिक वकिल | रोल्पा | | ९८२८५६४८९८ |
| ८ | -निशुल्क कानुनी परापर्श सेवाका | जिल्ला बार | रोल्पा | | ०८६४४०११६,२१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि | एसोसियसन | | | |
| ९ | -महिला सशक्तिरण, निति नियमका लागि पैरवी | महिला मानवअधिकार रक्षक संजाल | रोल्पा | तिर्था आचार्य | ९८४७८९९०८४ |
| १० | -हिंसा, दुर्व्यवहारमा परेका विशेष संरक्षणको आवश्यकता रहेका बालबालिकाको उद्धार, हराएका, बेवारीसे फेलापरेका, बेचविखन तथा ओसारपसारमा परेका, बालश्रम सडकमा आश्रित तथा जोखिमपुर्ण कार्यमा संलग्न रहेका संरक्षण तथा व्यवस्थापनका लागि | बालहेल्प लाइन | सिविन | | १०९८ |
| | | बालबालिका खोजतलास सेवा | जिल्ला प्रहरी कार्यालय | | १०४, १०० |
| | | स्थानिय बालअधिकार समिति | उप प्रमुख रोल्पा न.पा. | संयोजक | ९८४४९३९९६४ |
| | | बालकल्याण अधिकारी | रोल्पा नगरपालिका | पवित्रा बुढा | ९८४४९१६२९५ |
| ११ | -जोखिममा परेका महिला तथा बालबालिकाको आपतकालिन उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि | राष्ट्रिय महिला आयोग | | | ११४५ |
| १२ | मनोपरामर्श सेवा लिनका लागि | मनोविमर्शकर्ता | | मिना कुंवर | ९८४४९०१९७० |
| | | मनोविमर्शकर्ता | | यमुना पुन | ९८५७८५६०८० |
| | | CPSW | | निशा विष्ट | ९८६६७४४६४२ |
| | | मनोविमर्शकर्ता | | सर्मिला पोखरेल | ९८५७८२२२९४ |
| | | मनोविमर्शकर्ता | | कुल बहादुर डांगी | ९८४४९४८५५३ |

## रोल्पा नगरपालिका

## लिवाङ्ग, रोल्पा, लुम्बिनी प्रदेश

लेङ्गिक हिंसा प्रभावितलाई सेवा उपलब्ध गराउने संयन्त्र

लैङ्गिक हिंसामा परेर अथवा कोही हिंसामा परेको थाहा पाउनु भयो भने तत्काल उल्लेखित नम्बरहरुमा तत्काल सम्पर्क गर्नुहोला सहयोगको खोजिमा हुनुहुन्छ भने यी सेवाहरुमा सम्पर्क गर्नुहोस

| | |
|---|---|
| उजुरी र घटना दर्ता<br>- नगरपालिका न्यायिक समिति ९८४४९३९९६४ | उजुरी र घटना दर्ता<br>महिला बालबालिका तथा ज्येष्ठ नागरीक सेवा केन्द्र, जिल्ला प्रहरी कायालय : ९८५७८२५५५५ |
| उजुरी र घटना दर्ता<br>- राष्ट्रिय महिला आयोग निशुल्क फोन : ११४५ | आवश्यक सम्पुर्ण सेवाहरु<br>अस्पतालमा आधारीत OCMC, रोल्पा अस्पताल ९८४११७४४०९ |
| सुरक्षीत आवास सेवा<br>- ९८५७८५६०८०<br>- ९८५७८२१७५३ | पुर्नस्थापना केन्द्र :<br>- ९८५७८५६०८० |
| बाल विवाह, बालश्रमका घटना उजुरीका लागिः<br>- नगरपालिका न्यायिक समितिः ९८४४९३९९६४<br>- बाल हेल्प लाइन : १०९८<br>- बालबालिका खोज तलास सेवा १०४<br>- महिला तथा बालबालिका शाखा, रोल्पा न पा : ९८४४९१६२९५ | |

OCMC बाट लैङ्गिक हिंसा प्रभावितहरुलाई आवश्यकता अनुसार उपलब्ध हुने निशुल्क सेवाहरु




## ९.प्रदेश तहमा सहयोगी निकाय

| क्र.सं | कार्यालयको नाम | जिल्ला | सम्पर्क व्यक्ति | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय | दाङ देउखुरी | बसन्त प्रसाद कोईराला | सचिव | ९८५७०८२१८२ |
| २ | सामाजिक विकास मन्त्रालय | दाङ देउखुरी | शारदा बस्याल | प्रमुख महिला विकास अधिकृत | ९८५११५२१२० |
| ३ | सामाजिक विकास मन्त्रालय | दाङ देउखुरी | कमला ज्ञवाली | महिला विकास अधिकृत | ९८४७५२०७०० |
| ४ | युएनएफपिए | बुटवल | राम थापा | प्रमुख | ९८०२५२२१०१ |
| ५ | युनिसेफ | भैरहवा | माधव बराल | बाल संरक्षण अधिकृत | ९८०२०३९२२७ |
| ६ | यूएनडिपी | बुटवल | सुदिप अर्याल | प्रमुख | ९८५११३९९२१ |
| ७ | साहसी कदम नेपाल | बुटवल | रेश्मा न्यौपाने | संयोजक | ९८४७५२६७४४ |
| ८ | राष्ट्रिय मानव अधिकार आयोग | बुटवल | सम्झना शर्मा, | निर्देशक | ९८४१९११२५४ |
| ९ | प्रदेश श्रम कार्यालय, वुटवल, कपिलवस्तु | | ऋषिराम पन्थी | सुचना अधिकृत | ९८५७०७५३५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सेभ द चिल्ड्रेन | बुटवल | भिम बहादुर सिंह | बरिष्ठ परियोजना प्रबन्धक | ९८४३४३५५५९ |
| ११ | सिद्धार्थ सामाजिक विकास केन्द्र | कपिलबस्तु | त्रिलोचन घिमिरे | अध्यक्ष | ९८४७०४०९३० |
| १२ | मानव सेवा आश्रम | बुटवल | सरु अधिकारी | प्रमुख | ९८५५०७६०११ |
| १३ | सुस्त मनस्थिति बाल विद्या मन्दिर | बुटवल | लोकनाथ उपाध्याय | प्रमुख | ९८५७०२५६२० |
| १४ | एन्टेना फाउन्डेसन | बुटवल | इन्दिरा अर्याल | फोकल पर्सन | ९८५१२४७३०० |
| १५ | इन्सेक | रोल्पा | | जिल्ला प्रतिनिधी | |
| १६ | नेपाल पत्रकार महासंघ | दाङ | शुक्रऋषि चौलागाई | प्रदेश अध्यक्ष | ९८५८०२४७०९ |
| १७ | राष्ट्रिय अपांग महासंघ | दाङ | हुमानाथ अधिकारी | प्रदेश अध्यक्ष | ९८४७०२५८८१ |
| १८ | निल सागर मानव सेवा आश्रम | नेपालगंज | अमन सुवेदी | प्रमुख | ९८५८०२३४८८ |
| १९ | बाल गृह | कपिलवस्तु | गोपाल | अध्यक्ष | |
| २० | बाल सुधार गृह | भैरहवा | पिताम्बर न्यौपाने | सम्पर्क व्यक्ति | ९८५७०५२६७५ |

## १०. महिला तथा बालबालिकाको लागि सेवा प्रदान गर्ने तथा प्रदेश भित्रका सरकारी, गैरसरकारी निकाय, आयोग तथा सञ्जालहरु

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | पदीय जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, रोल्पा | प्र. जि. अ. | | ९८५७८२७७७७ |
| २. | जिल्ला प्रहरी कार्यालय, रोल्पा | प्रहरी नायव उपरिक्षक | | ९८५७८२५५५५ |
| ३. | ईलाका प्रहरी कार्यालय,सुलिचौर | | प्रहरी निरिक्षक | ९८६९९८२७६० |
| ४. | जिल्ला अदालत, रोल्पा | श्रेस्तेदार चन्द्र प्रसाद पन्थी | | ९८५१०५१६२७ |
| ५. | जिल्ला सरकारी वकिलको कार्यालय, रोल्पा | पदम बहादुर कार्की जिल्ला न्यायाधिबक्ता | | ९८५७८६००१७ |
| ६. | जिल्ला सरकारी वकिलको कार्यालय, रोल्पा | केशव न्यौपाने | सुचना अधिकारी | ९८५७८७७०१७ |
| ७ | रोल्पा अस्पताल अस्पताल | डा.ऋषभ गौतम | मे.सु. | ९८४३५४४४५० |
| ८. | जिल्ला अस्पताल (OCMC), /रोल्पा | मिना कुँवर | OCMC सम्पर्क व्यक्ति | ९८४११७४४०९ |
| ९ | जिल्ला समन्वय समिति,रोल्पा | सिता आचार्य | प्रमुख | ९८५७८४०२८९ |

| | | | | |
|---|---|---|---|---|
| १० | शिक्षा समन्वय इकाई | लाल बहादुर घर्ती मगर | प्रमुख | ९८५७८२४१३२ |
| ११ | सिद्धार्थ सामाजिक विकास केन्द्र कपिलवस्तु | तिलोचन घिमिरे | अध्यक्ष | ९८४७०४०९३० |
| १२ | अपाङ्ग कल्याण संघ,रोल्पा | दिनेश आचार्य | अध्यक्ष | ९८४७८२७११७ |
| १३ | पत्रकार महासंघ,रोल्पा | खुविना सुनारी मगर | अध्यक्ष | ९८६८६०३४१२ |
| १४ | गै.स.स. महासंघ,रोल्पा | देव बहादुर वली | अध्यक्ष | ९८४८५००४९३ |
| १५ | जिल्ला बार एसोसिएसन,रोल्पा | टेकम घर्ति | अध्यक्ष | ९८५७८२२६२४ |
| १६ | जिल्ला कानूनी सहायता समिती ,रोल्पा | घनश्याम महरा | अधिबक्ता | ९८६०१५५२४१ |
| १७ | हुरेक नेपाल | भोलानाथ आचार्य | कार्यकारी निर्देशक | ९८४७८५०९३० |
| १८ | डिकोस | देव वहादुर वली | | ९८४८५००४९३, |
| १९ | UNFPAरोल्पा | केदार राना मगर | जिल्ला अधिकृत | ९८०११९६८९२२ |
| २० | INF रोल्पा | शोभाराम डाँगी | प्रमुख | ९८५७८२५१०२ |
| २१ | सुरक्षित आप्रवासन ( सामी ) रोल्पा | शरद पोखरेल | प्रमुख | ९८४७८५०६१८ |
| २२ | KIDS | रवीन्द्र मिश्र | | |
| २३ | कालिका संस्था KSSC | रामेन्द्र सिंह रावल | | |

## ११. नगरपालिका स्तरका सेवा प्रदायकहरु

| क्र.सं. | शाखा वा संस्थाको नाम | सम्पर्क व्यक्ति | पदीय जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | रोल्पा नगरपालिका | सुरेन्द्र थापा घर्ती | प्रमुख | ९८५७८२२०८५ |
| २. | स्थानीय न्यायिक समिति | गिता आचार्य | उपप्रमुख | ९८४४९३९९६४ |
| | | गिता आचार्य | संयोजक | ९८४४९३९९६४ |
| | | देव बहादुर वि.क. | सदस्य | ९८६३४१५६८४ |
| | | मन कुमारी घर्ति मगर | सदस्य | ९८६१५१३४०९ |
| ३. | १ नं वडा कार्यालय | खुम बहादुर थापा | वडा अध्यक्ष | ९८४१५४७७५६ |
| ४ | २ नं वडा कार्यालय | प्रकाश डाँगी | वडा अध्यक्ष | ९८४७८५०६३८ |
| ५ | ३ नं वडा कार्यालय | राज कुमार पुरी | वडा अध्यक्ष | ९८४७९८०४३४ |
| ६ | ४ नं वडा कार्यालय | मित्रलाल गुरुङ | वडा अध्यक्ष | ९८४१७१२१२० |
| ७ | ५ नं वडा कार्यालय | टोपबहादुर नेपाली | वडा अध्यक्ष | ९८६४९८२२२९ |
| ८ | ६ नं वडा कार्यालय | तुल बहादुर घर्तिमगर | वडा अध्यक्ष | ९८५७८७९००६ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ७ नं वडा कार्यालय | लाल बहादुर घर्तिमगर | वडा अध्यक्ष | ९८६०६४९६९३ |
| १० | ८ नं वडा कार्यालय | हर्क बहादुर डाँगी | वडा अध्यक्ष | ९८५७८२१६१६ |
| ११ | ९ नं वडा कार्यालय | मिमबहादुर घर्ति मगर | वडा अध्यक्ष | ९८४७८४७१४७ |
| १२ | १० नं वडा कार्यालय | मतीलाल डाँगी | वडा अध्यक्ष | ९८५७८२४०८२ |
| १३ | सामाजिक विकास समिती | लाल बहादुर घर्ति मगर | संयोजक | ९८६०६४९६९३ |
| १४ | रोल्पा नगरपालिका | राम प्रसाद शर्मा | प्रमख प्रशासकिय अधिकृत | ९८५७८२७१११ |
| १५ | आर्थिक प्रशासन शाखा | बेदुराम आचार्य | लेखापाल | ९८५७८३२५१० |
| १६ | प्राविधिक शाखा | हरी बहादरु कुँवर | प्राविधिक प्रमुख | ९८४७८६८३८७ |
| १७ | योजना तथा सुचना शाखा | श्यामलाल के सी | वरिष्ठ सहायक | ९८५७८२४११४ |
| १८ | शिक्षा शाखा | कर्ण बहादुर पुन मगर | अधिकृत | ९८४८३८६५४१ |
| १९ | सडक,सिचाई पूर्वाधार विकास | | ईन्जिनियर | |
| २० | स्वास्थ्य शाखा | टंक बहादुर गिरी | स्वास्थ्य संयोजक | ९८४८३८६५४१ |
| २१ | सुचना शाखा | निसान आचार्य | सूचना प्रविधि अधिकृत | ९८५७८७१००५ |
| २२ | महिला, बालबालिका शाखा | प्रमिला घर्तिमगर | महिला विकास निरिक्षक | ९८६६९०६४५० |
| २३ | महिला, बालबालिका शाखा | पवित्रा बुढा | सहायक महिला विकास अधिकृत | ९८४४९१६२९५ |
| २४ | रोजगार शाखा | मिसाना घर्तिमगर | रोजगार संयोजक | ९८५७८६६३४२ |
| २५ | पंजीकरण शाखा | टेक बहादुर वि.क. | एम आई एस अपरेटर | ९८६७७७५००० |
| २६ | बहुक्षेत्रिय पोषण शाखा | रेखा सुनार | संयोजक | ९८४७९९६५१२ |
| २७ | खानेपानी तथा सरसफाई शाखा | निशान आर्चाय | संयोजक | ९८५७८७१००५ |
| २८ | पशु सेवा शाखा | दिलमाया विष्ट | अधिकृत | ९८४७८६८३८७ |
| २९ | कृषि सेवा शाखा | महेन्द्र पुन | प्रमुख | ९८६८६६४७१२ |
| ३० | १ नं वडा कार्यालय | बिपिन कुवर | वडा सचिव | ९८५७८२४६२१ |
| ३१ | २ नं वडा कार्यालय | रश्मी न्यौपाने | वडा सचिव | ९८५७८७००४४ |
| ३२. | ३ नं वडा कार्यालय | खिमराज कुवर | वडा सचिव | ९८५७८२४६२३ |
| ३३ | ४ नं वडा कार्यालय | बिमला बुढा मगर | वडा सचिव | ९८५७८२४६२४ |
| ३४ | ५ नं वडा कार्यालय | श्यामलाल के.सी. | वडा सचिव | ९८५७८२४६२५ |
| ३५ | ६ नं वडा कार्यालय | मन प्रसाद वि क | वडा सचिव | ९८५७८२४६२६ |
| ३६ | ७ नं वडा कार्यालय | कमला डाँगी | वडा सचिव | ९८५७८२४६२७ |
| ३७ | ८ नं वडा कार्यालय | चन्द्र बहादुर घर्ति | वडा सचिव | ९८५७८२४६२८ |

| | | | | |
|---|---|---|---|---|
| | | मगर | | |
| ३८ | ९ नं वडा कार्यालय | सन्तोष लामिछाने | वडा सचिव | ९८५७८२४६२९ |
| ३९ | १० नं वडा कार्यालय | चन्द्रज्योति सुवेदी | वडा सचिव | ९८५७८२४६३० |
| ४० | स्वास्थ्य शाखा | नैना कुमारी डाँगी | स्वास्थ्य अधिकृत | ९८४७८५०७३५ |
| ४१ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं १ बाजविसौना | घन बहादुर थापा | अ.हे.ब. | ९८६०५७३५७७ |
| ४२ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं २ देउराली | चन्द्रप्रकाश डाँगी | अ.हे.ब. | ९८४७९१११३६ |
| ४३ | स्वास्थ्य चौकी वडा नं ३ खुमेल | दलबहादुर नेपाली | सि.अ.हे.ब.अ | ९८५७८५६००७ |
| ४४ | स्वास्थ्य चौकी वडा नं ४ लिबाङ | सुमन आचार्य | सि.अ.हे.ब.अ | ९८५७८५६००८ |
| ४५ | स्वास्थ्य चौकी वडा नं ५ जेदबाङ | दिपेन्द्र के.सी. | सि.अ.हे.ब. | ९८५७८५६००९ |
| ४६ | स्वास्थ्य चौकी वडा नं ६ कोटगाँउ | देवका बस्नेत | हे.अ. | ९८६६५३९८०४ |
| ३९ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं ७ घापा | अनिता बुढा | अनमी | ९८४७९५१५४७ |
| ४० | स्वास्थ्य चौकी वडा नं ८ जंकोट | चन्द्रबहादुर घर्तीमगर | सि.अ.हे.ब. | ९८४७९८२४९८ |
| ४१ | स्वास्थ्य चौकी वडा नं ९ लिवन | सन्तोष लामिछाने | हे.अ. | ९८४५४६४०१० |
| ४२. | स्वास्थ्य चौकी वडा नं १० धबाङ | धनराज सुवेदी | सि.अ.हे.ब. | ९८१४५९६९८९ |

## १२. सेवामा सहयोग तथा सिफारिस प्रकिया

यदि तपाईंलाई कुनै पनि लैङ्गिक हिंसाका घटना जस्तै यौनजन्य हिंसा (बलात्कार), शारीरिक हिंसा (घरेलु हिंसा) मनोवैज्ञानिक हिंसा (गाली बेइज्जती) आदीको बारेमा जानकारी भएमा वा कसैबाट सुचना पाएमा

मुख्य निर्देशिकाहरू:

- → जुनसुकै बेलामा पनि प्रभावितको परिचय, गोपनियता र सुरक्षाको संरक्षण गरौँ ।
- → प्रभावितलाई सम्मानपूर्ण व्यवहार गरौँ र संवाद तथा कुराकानीहरु सुरक्षित ठाउँमा गरौं ।
- → प्रभावितको अनुमति वा सहमति बिना निजसँग सम्बन्धित कुनै पनि सूचनाहरू कसैसँग आदान प्रदान नगरौं ।
- → प्रभावितका जानकारीहरू इमेल मार्फत् आदन प्रदान नगरौं । यस्तो अवस्थामा प्रत्यक्ष भेटघाट नै सबै भन्दा राम्रो उपाय हो । प्रभावितका बारेमा कुनै पनि सूचनाहरू ठूला बैठकहरूमा आदान प्रदान नगरौं ।
- → प्रभावितहरूलाई सहयोग गरौँ र उपलब्ध सेवाहरूका बारेमा भरपर्दो र विस्तृत सूचना उपलब्ध गराऔं ।
- → लैङ्गिक हिंसा सम्बन्धि घटनाको अनुसन्धान गर्ने तथा सेवा प्रदान गर्ने क्रममा मुख्य प्रथामिकता भनेको प्रभावितलाई आवश्यक पर्ने हेरचाह र सहयोग तत्काल उपलव्ध गराऔं ।
- → यदि प्रभावितले प्रहरीमा उजुरी गर्न नचाहे पनि निजलाई निजी सेवा प्रदायकहरूबाट स्वास्थ्य हेरचाह सम्बन्धी सेवा दिन सकिन्छ । प्रभावितले न्याय मागेमा निजलाई सरकारी अस्पतालमा नै उपचार गराउनु पर्दछ । यसो

गर्नाले सरकारी अस्पतालबाट प्राप्त स्वास्थ प्रमाणपत्र न्यायलयको लागि मान्यहुन्छ ।

→ यदि प्रभावितको विषयमा छलफल गर्दा उसलाई प्रभाव पार्ने कुनैपनि निर्णय लिनु पर्ने भएमा उसको सहभागिता सुनिश्चित गरौं ।

→ यदि प्रभावितको अभिभावक वा संरक्षकले उसको तर्फबाट निर्णय लिनु पर्ने भएमा उसको सर्वोपरी हितलाई सुनिश्चित गरौं ।

**१३. सेवा लिँदा हुने सम्भावित परिणामहरू (प्रभावितका लागि जानकारी)**

| सकारात्मक परिणामहरु : | सम्भावित नकारात्मक परिणामहरू : |
|---|---|
| ❖ चोटपटकको उपचार,<br>❖ संवेगात्मक तथा मनोसामाजिक सहयोगमा पहुँच,<br>❖ विधि विज्ञान (फरेन्सिक) प्रयोगशाला परिक्षण प्रतिवेदन, तथा प्रहरी वा न्यायलयमा मुद्दा दर्ता गर्न सहयोग । | ❖ प्रभावितको गोपनियतामा सम्झौता हुन सक्ने,<br>❖ प्रभावितको सुरक्षामा सम्झौता हुन सक्ने,<br>❖ सेवा प्रदायकहरूबाट नराम्रो व्यवहार हुन सक्ने,<br>❖ गोपनियता भंग हुन सक्ने । |

**१४.यदि प्रभावित व्यक्ति वा संरक्षकले सहमति दिएको छ भने तत्काल गर्नुपर्ने प्रतिकार्य देहाय बमोजिम हुनुपर्दछ ।**

| | | | |
|---|---|---|---|
| यौनजन्य हिंसा<br>तत्काल (७२ घण्टा भित्रमा) उपचार सेवामा पहुँचको सुनिश्चित गरौं । | शारीरिक हिंसा<br>स्वास्थ्य सेवा लिन सल्लाह दिऔं । | यदि पीडितलाई तत्काल सुरक्षा सम्बन्धी जोखिम भएमा वा कानूनी जाहेरी दिनु परेमा | मनोवैज्ञनिक हिंसा |
| ↓ | ↓ | ↓ | ↓ |
| स्वास्थ्य सम्बन्धि हेरचाहमा प्रथामिकता दिऔं । | | पीडितको सुरक्षालाई प्रथामिकता दिऔं । | मनोसामाजिक सहयोग गरौं । |
| अस्पताल वा औषधि उपचार सम्बन्धि विशेषज्ञता भएका सम्बन्धित स्वास्थ्य संस्था | | प्रहरी | मनोबिमर्शकर्ता/मानसिक स्वास्थ्य हेरचाह |
| ↓ | | ↓ | ↓ |
| मनोसामाजिक तथा कानूनी सहयोग | | | |
| ↓ | | | |

| | | |
|---|---|---|
| • OCMC/Saathi, Maiti Nepal, CWIN Nepal<br>• मनोबिमर्शकर्ता<br>• मानसिक स्वास्थ्य हेरचाह<br>• महिला सुरक्षित आश्रय गृह | • ईलाका स्तरीय सेवा केन्द्रहरु<br>• निशुल्क कानूनी सहायता केन्द्र<br>• वैतनिक वलिक (अदालत)<br>• महिला/मानव अधिकारकर्मीहरु,<br>• कानुन व्यवसायी/वकिल<br>• जिल्ला बार एशोसियसन तथा अन्य सहयोगि संस्थाहरु | • समस्या गम्भीर भएमा मानसिक स्वास्थ्य विशेषज्ञसँग सम्पर्क गरौं । |

| १५. प्रभावितलाई तत्कालिन सहयोग पछि अनुगमन तथा अन्य सेवाहरु निम्न हुन सक्छन् । |
| --- |

- निरन्तर मनोसामाजिक सहयोग तथा सेवा सम्बन्धि कार्यहरू निरन्तर कानूनी सहायता
- सामाजिक नेटवर्किंग
- छात्रबृत्ति सहयोग
- सशक्तिकरण
- थप औषधी उपचार
- व्यवसायिक तालिम
- क्षमता विकास सम्बन्धि तालिम
- घर तथा समुदायमा पुनर्स्थापना

## १६. कानूनी प्रावधान

**घरेलु हिंसा (Domestic Violence)**

घरेलु हिंसालाई नियन्त्रण गर्न, पीडितलाई कानूनी सहायता गर्न र पीडकलाई कानूनी उपचार गर्न नेपाल सरकारले घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ र घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ लागू गरेको छ ।

उजुरी गर्ने निकाय

- घरेलु हिसा (कसुर र सजाय) ऐन २०६६ अनुसार हुने गाली बेइज्जती, कुटपीट, भेदभाव, यौनजन्य यातना, बालविवाह, अनमेल विवाह, जबर्जस्ती बिवाह जस्ता हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जोसुकैले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

हद म्याद :

- घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्दछ ।

सजाय :

- अङ्गभङ्ग गरेको, एसिड वा त्यस्तै प्रकारको पदार्थ छर्केर पोल्ने, डाम्ने, दल्ने गरी शरीरका कुनै पनि अङ्ग कुरूप पारिदिएको लगायतका घरेलु हिंसामा प्रचलित कानुन बमोजिम सजायको व्यवस्था रहेको छ भने यस बाहेकका अन्य प्रकारका घरेलु हिंसा गर्ने व्यक्तिलाई ३ हजार रूपैयाँ देखि २५ हजार रूपैयाँ सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ

**क्षतिपूर्ति**

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट क्षतिपूर्ति भराइदिन सक्नेछ ।

**मानव बेचबिखन , (Human Trafficking)**

मानव वेचविखन (मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४)

| प्रश्न | उत्तर |
| --- | --- |
| मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अपराधको उजुरी कहाँ दिनुपर्दछ ? | नजिकैको प्रहरी कार्यालय |
| मानिस किन्ने वा बेच्नेलाई के कति सजाय तोकिएको छ ? | २० वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना |

| | |
|---|---|
| कुनै पकारका फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्र अनुसार कति सजाय तोकिएको छ ? | दश वर्ष देखि पन्ध्र वर्षसम्म कैद र पचास हजार देखि एकलाख सम्म जरिवाना |
| प्रचलित कानून बाहेक मानिसको कुनै अङ्ग भिक्नेलाई के कति सजाय हुन्छ ? | दश वर्ष कैद र दुई लाख रुपैया देखि पाँच लाखरुपैया सम्म जरिवाना |
| किन्ने, बेच्ने र वेश्यावृत्तिका लागि बालबालिकालाई विदेश लैजानेलाई हुने सजाय के कति छ ? | १५ वर्षदेखि २० वर्ष सम्म कैद र एकलाख देखि २ दुईलाख सम्म जरिवाना |
| नेपालभित्रका एकठाउँबाट अर्को ठाउँमा बालबालिका लैजानेलाई हुने सजाय के हो ? | १० वर्ष देखि १२ वर्षसम्म कैद र एकलाख रुपैया जरिवाना |

**बाल विवाह**

- मुलुकी अपराध संहिताका अनुसार विवाह गर्ने एक वा दुबैजनाको उमेर २० वर्षमुनि भएमा बाल विवाह भनिन्छ। २० वर्षमुनिको सबै विवाह कानूनी रुपमा बदर हुन्छ। त्यसको अर्थ दुवैजनाको उमेर २० वर्ष मुनि वा दुईजनामध्ये कुनै एकको उमेर २० वर्ष मुनि भएपनि विवाह बदर हुन्छ । उमेर नपुगेको व्यक्तिले विवाहका लागि दिएको मञ्जुरीलाई मञ्जुरी दिइएको मानिदैन । नेपालको मुलुकी देवानी संहिताका अनुसार २० वर्षमुनिको विवाहलाई बाल विवाह भनिन्छ। बाल विवाह गर्नु गराउनु कानुनी अपराध हो। तर २० वर्षभन्दा अघि कुनै कारणवश किशोरी गर्भवती भएमा जन्मने बच्चाको जन्मदर्ता भने गरिनेछ।
- बाल विवाह तय गर्ने, बाल विवाह गर्ने र गराउनेलाई तीन वर्षसम्म कैद तीस हजार रुपैयाँ सम्म जरिवाना को व्यवस्था गरेको छ।

**अनुसुची १**
**सेवा निर्देशिका प्रयोग र कार्ययोजना**

| क्र.सं. | के ? | कसले ? | कहाँ ? | कसरी ? |
|---|---|---|---|---|
| १. | सेवा निर्देशिकाका मुख्य प्रयोगकर्ता | न्यायिक समिति, महिला तथा बालबालिका शाखा, स्वास्थ्य संस्था, प्रहरी चौकी वा कार्यालय, वडा कार्यालय, मुख्य गैसस | सम्बन्धित कार्यक्षेत्र | सेवा निर्देशिका प्रिन्ट गरी जिम्मेवार व्यक्तिको जिम्मामा रहने गरी |
| २. | हिंसा पीडितको उजुरी | न्यायिक समिति, महिला | स्थानीय तह | उपलब्ध सेवा प्रदान गरी |

| | | | | |
|---|---|---|---|---|
| | आएमा प्रारम्भिक व्यवस्थापन | तथा बालबालिका शाखा, स्वास्थ्य संस्था, प्रहरी चौकी वा कार्यालय, वडा कार्यालय | | घटना सम्बन्धी जानकारीको रेकर्ड राखी सम्बन्धित निकायमा पठाएर |
| ३ | नगरपालिका भित्र उपलब्ध सेवामा समन्वय | महिला तथा बालबालिका शाखा प्रमुख | स्थानीय तह | विषयगत शाखा प्रमुख वा समिति प्रमुख र आवश्यक भएमा नगरपालिकाको प्रमुख उपप्रमुख र वडा अध्यक्षहरुसँग समन्वय गरेर |
| ४. | नगरपालिका बाहिर सिफारिस गरिनु पर्ने घटनाहरुलाई सिफारिसको लागि समन्वय | सबै सेवा प्रदायक | स्थानीय क्षेत्र, जिल्ला तथा प्रदेश | बाह्य सेवा प्रदायकसंग समन्वय गरेर |